नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।

<u>प्रेस विज्ञप्ति</u> ।

राजस्व अनुसन्धान विभागले राजस्व चुहावटसम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी कृष्ण बहादुर खत्रीको नाति यम बहादुर खत्रीको छोरा जिल्ला धादिङ्ग, धुनिवेशी नगरपालिका वडा नं.९, टायलघर स्थायी ठेगाना भएको वर्ष २८ को रुपचन्द्र खत्री र इन्द्र सिं लामाको छोरा जिल्ला मकवानपुर, साविक भीमफेदी गा.वि.स. वडा नं. १, हाल भीमफेदी गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भएका विक्रम लामा समेतले एक आपसमा मिलेमतो गरी रसुवाको धुन्चेवाट स्क्रेप/कवाडी लोड भएको ढुवानीको साधनमा ४३४३ थान भेप (इलेक्ट्रिक चुरोट) भन्सार चोरी पैठारी गरी प्रतिवादीहरुले राजस्व चुहावट गर्ने मनसायले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ को व्यवस्था विपरीत कार्य गरी ऐ. ऐनको दफा ४ वमोजिमको कसुर गरी राजस्व चुहावट गरेको पुष्टि हुन आएको हुँदा तत्काल बजार तथा भन्सार जाँचपास भएको मूल्य समेतका आधारमा जम्मा रु.१,१७,५८,२३८।- (अक्षरुपी एक करोड सत्र लाख अन्ठाउन्न हजार दुई सय अठतीस) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) वमोजिम बिगो कायम गरी निज प्रतिवादीहरु रुपचन्द्र खत्री र विक्रम लामालाई ऐ.ऐनको दफा २३ (१) वमोजिम विगो जफत गरी विगोको शतप्रतिशत जरिवाना गर्न तथा ऐ.ऐनको दफा २३ को उपदफा (१)(ख) वमोजिम कैद सजायको मागदावी लिई आज मिति २०८२/०३/२६ गते सम्मानित उच्च अदालत पाटनमा अभियोगपत्र दायर गरिएको छ।

मिति २०८२ साल असार २६ गते विहीवार ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन
२०५०

२०८२/०३/२६
(कृष्ण कुमारी श्रेष्ठ)
निमित्त महानिर्देशक

Scanned with CamScanner